# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय

सरमथली ,रसुवा

बागमती प्रदेश नेपाल

नौकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय सरमथली, रसुवा बागमती प्रदेश नेपाल २०७३

**पत्र संख्याः २०७८/०७९** **मितिः २०७८/१२/१४**

**चलानी नं.:**

सूचना ! सूचना ! ! सूचना ! ! !

## अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.बि.आर) सहयोग कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०७८/१२/१४**

नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ. व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुप्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने,अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता बढाउने, अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनीकरण र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकिल्सकीय तथा अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवाउपलव्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याई सक्षम तथा स्वावलम्बी बनाउने उद्देश्यका साथ नौकुण्ड गाउँपालिकाबाट **गोलभेडा खेती सम्बन्धि** कार्यक्रम सञ्चालन गरिने हुँदा उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुलेसम्बन्धित कार्यक्रमको अवधारणापत्र र व्यावसायिक योजना सहित प्रस्ताव सूचना प्रकाशित भएको मितिले **१५ दिन** (२०७८/१२/२८) भित्रमा नौकुण्ड गाउँपालिकाको महिला विकाश शाखामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ ।

**प्रस्तावका साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ :**

संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण,

- प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
- अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिलिपी,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
- कालोसूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व:घोषणा,
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

नेत्रराज गिरी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत